"बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन्"

"बालबालिका राष्ट्रिय गौरव हुन्"

# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)

# Children as Zones of Peace National Campaign (CZOP)

मितिः २०८२/१२/२७

माननीय सीता वादी ज्यू,
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषयः ध्यानाकर्षण सम्बन्धमा ।**

नेपाल सरकार **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको** माननीय मन्त्री पदमा मिति २०८२ चैत १३ मा नियुक्त हुनु भएकोमा **बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)**को तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं । यहाँको कुशल तथा प्रभावकारी नेतृत्वमा नेपाल सरकार बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा अझ प्रतिबद्ध हुनेछ भन्ने अपेक्षा समेत गर्दैछौं ।

हाम्रो देश सशस्त्र द्वन्द्वमा भएको बेला बालबालिका र विद्यालयमा परेको असरलाई रोक्न र दुर्व्यवहार, हिंसा जस्ता जोखिमहरूबाट बालबालिकालाई संरक्षण गर्न नागरिकस्तरबाट एक सशक्त अभियानको रूपमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को सुरुवात भएको थियो । यसै अवधारणाका साथ सन् २००१ बाट यस अभियान शुरुवात गरी नेपालमा सन् २००३ देखि वालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मुद्दामा वकालत गर्दै बाल अधिकार संरक्षण, प्रवर्द्धन र सवलीकरणको सुनिश्चितताका लागि निरन्तर अभियान सञ्चालन भई रहेको छ ।
२०८२ भाद्र २३ र २४ गतेको जेन्जी प्रदर्शन त्यसमा भएको जनधनको क्षतिपछिको घटनाक्रम पश्चात बनेको सरकारले गत २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा झन्डै दुई तिहाइको सरकारले आफ्नो वाचापत्र कार्यान्वयनको लागि पहल सुरु गरिरहेको अवस्थामा आगामी आर्थिक वर्ष २०८३/०८४ को संघीय तहका सरकारको नीति तथा कार्यक्रम र बजेटमा बालअधिकार, संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिँदै तपसिल बमोजिमका विषयलाई प्राथमिकता दिन सरकारका नीति, कार्यक्रम र बजेटमा समावेश गर्न माननीय मन्त्रीज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं । यी कार्य गर्न हामी सिजप सहित नागरिक संघसंस्थाहरूको तर्फबाट सहयोग,समन्वय र सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

**तपसिल**

१) बाल अधिकारको क्षेत्रमा विनियोजित बजेटलाई विश्लेषण गर्दै विषयगत मन्त्रालयहरूले विनियोजन गर्ने बजेटमा अन्तरमन्त्रालय समन्वय र सहकार्य बढाउन तथा संघ, प्रदेश र स्थानीय तहका नीति, योजना र कार्यक्रमलाई बालबालिका केन्द्रित बनाइ एकरूपता कायम गर्ने वातावरण निर्माण गरी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा बालबालिकाका विषयमा राज्यले गरेका प्रतिबद्धताहरू पूरा गर्नका निम्ति मिति २०८२ पौष ७ गतेका दिन मन्त्रीस्तरीय निर्णयबाट **बालबालिका उत्तरदायी बजेट संकेत सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०८२** पारित भई कार्यान्वयन प्रक्रियामा अर्थ मन्त्रालय समेतको सहकार्यमा अघि बढिरहेकोमा सोलाई निरन्तरता र प्रभावकारी बनाउँदै बनाउँदै आ.व. २०८३/०८४ को बजेटमा **बाल बजेट सङ्केत** कार्यान्वयनमा ल्याउनु पर्ने,

२) **बालबालिका र विद्यालय शान्ति क्षेत्र** हुन्, **बालबालिका राष्ट्रिय गौरव हुन्, बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालश्रम मुक्त, सडक बालबालिका मुक्त राष्ट्र घोषणा, बालविवाह मुक्त स्थानीय तह, वातावरणमैत्री शासन, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, नियमित विद्यालय भर्ना** जस्ता अभियानहरूलाई स्रोत साधन सहित विभिन्न मन्त्रालय, निकायहरूसँगको सहकार्यमा सञ्चालन र निरन्तरता दिईनु पर्ने,

३) वि.सं. २०७८ को जनगणना अनुसार ३३.८४ प्रतिशत जनसङ्ख्या ओगटेका **बालबालिकाका निम्ति संवैधानिक आयोग वा मानव अधिकार आयोगभित्र बालबालिकासम्बन्धी छुट्टै शाखा र आयुक्त**को व्यवस्था गर्ने, **बालबालिका निम्ति उच्च स्तरीय संयन्त्र**को व्यवस्था गर्न साथै **बालबालिकाका निम्ति निश्चित प्रतिशत बजेट (कम्तिमा १० प्रतिशत)को सुनिश्चितता**को लागि अन्य मन्त्रालय र निकायहरूको सहकार्यमा अघि बढाउनु पर्ने,

४) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ पारित भएको कार्यलाई स्वागत गर्दै यसको प्रभावकारी कार्यान्वयन गर्दै **दिगो विकास लक्ष्यले राखेको सोच अनुसार सन् २०३० सम्ममा बालविवाह मुक्त** देश घोषणा गर्ने लक्ष्यमा पुग्नु पर्ने गरी नीतिगत र कार्यक्रमिक व्यवस्था सुनिश्चितता गर्दै यसको निम्ति साथै प्रदेशमा छलफल,क्षमता अभिवृद्धिको लागि तालिम, र बालविवाह मुक्त पालिकाको सूचकसहितको निर्देशिका तत्काल तयार गर्नुपर्ने,

५) सबै स्थानीय तहमा **बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि, स्थानीय बाल अधिकार समिति**, बाल कोष, बालमनोविज्ञ र समाजसेवीको व्यवस्था गरी उनीहरूको **क्षमता अभिवृद्धि** गरी बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्ने तथा ७५३ स्थानीय तहमा स्रोत साधन र बालबालिका सम्बन्धी नियमावली २०७८ ले तोकेको काम कर्तव्य र अधिकार सहित लोकसेवा आयोगको प्रक्रियाबाट बालबालिका सम्बन्धी ऐन अनुरूप **बालकल्याण अधिकारी** (ऐनको दफा ६१) **नियुक्ति** गर्नुपर्ने,

६) बालबालिका सम्बन्धी विशिष्टीकृत ऐनद्वारा स्थापित भएको नेपाल सरकारको बालबालिकाका निम्ति विशिष्टीकृत निकायको रूपमा रहेको **राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिहरूलाई स्रोत साधन सम्पन्न** बनाउदै सङ्गठन र व्यवस्थापनमा स्थायी कर्मचारीको व्यवस्थापन सुनिश्चित गरिनुपर्ने,

७) **सडक बालबालिका मुक्त नेपाल घोषणा** को दिगोपनाको लागी निरन्तर स्रोत साधन सहित सडक बालवालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्नका लागि बालबालिका खोजतलास नं. **१०४** र बाल हेल्पलाईन नम्बर **१०९८** सेवाको **सवलीकरण र विस्तार** गर्ने,

८) अभिभावक विहीन विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गरी **बालबालिकामाथि लगानी अभिवृद्धि** गर्नुपर्ने र ती बालबालिकाको संरक्षण तथा विकासको सुनिश्चितता गर्नु पर्ने,

९) कानुन विपरीत **वैकल्पिक स्याहारमा राखिएका बालबालिकाको उद्धार, संरक्षण र पारिवारिक पुनर्मिलन** गर्दै निसंस्थाकरण सम्बन्धी कानुनी व्यवस्था अवलम्बन गरी गरीबी तथा विपन्न अवस्थामा रहेका परिवारहरूको सामाजिक तथा आर्थिक अवस्था स्तरोन्नति गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्दै बुवाआमाको पहिचान हुन नसकेका **वैकल्पिक हेरचाहमा हुर्केका बालबालिका र युवाहरूले जन्मदर्ता र नागरिकता बनाउन, बैंक खाता** सञ्चालन गर्न प्रष्ट नीतिगत व्यवस्था गर्नुपर्ने, कसैलाई पनि गैर नागरिक बनाउन नहुने कुराको सुनिश्चितता गरिनुपर्ने,

१०) **बाल सुधार गृहमा समयसमयमा देखिने समस्यालाई दीर्घकालीन रूपमा सम्बोधन** गर्दै, गर्न पछिल्ला दिनमा सरकारले गरेका कामको लागि धन्यवाद दिँदै, बाल सुधार गृहको क्षमता अनुसार बालबालिकालाई राखिनु पर्ने र गृहमा देखिएका समस्या उनीहरूको शिक्षा, स्वास्थ्य, मनोविमर्श, संरक्षणको सुनिश्चितता गर्दै बाल सुधार गृहमा १८ वर्षभन्दा कम उमेरकालाई मात्र राख्ने कुरा सुनिश्चित गरिनु पर्ने,

११) सबै प्रकारका **अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, द्वन्द्व, हिंसा, दुर्व्यवहारमा परेका, वैकल्पिक स्याहारमा रहेका, बेचबिखनमा परेका, बालविवाहबाट प्रभावित, बाबुआमाबिहीन बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष कार्यक्रम** (स्वास्थ्य बिमा, उच्च शिक्षासम्म नि:शुल्क शिक्षा, सीपमुलक तालिम, रोजगार) सञ्चालन गरिनुपर्ने र भएका कार्यक्रहरूलाई पनि व्यवस्थित तथा प्रभावकारी अनुगमन गर्नुपर्ने,

१२) बालबालिका सम्बन्धी नियमावली, २०७८ को दफा ३ देखि ११ सम्मको कानूनी व्यवस्थाका आधारमा बाल क्लबको संस्थागत विकास, **स्थानीय तहमा बाल क्लबहरूको सूचीकरण, नवीकरण,** स्थानीय सबै संरचनाहरूमा बालबालिकाको सहभागिता, नीति निर्माण प्रक्रियामा बाल भेला मार्फत **अर्थपूर्ण बाल सहभागिता** सुनिश्चित गरिनु पर्ने साथै **बालिका तथा किशोरीहरूको सहभागिता** वृद्धिमा ध्यान दिनु पर्ने,

१३) सबै विद्यालयहरू (सरकारी, सामुदायिक, निजी, धार्मिक तथा संस्थागत)मा बालबालिका सम्बन्धी ऐन, २०७५ को **दफा ५७ अनुसार बालसंरक्षण मापदण्ड** बनाई लागू गर्नु पर्ने तथा **विद्यालय नर्स र मनोविमर्शकर्ताको व्यवस्था** गरिनु पर्ने, **बालबालिकालाई मानसिक स्वास्थ्य समस्याबाट जोगाउन** प्रभावकारी कार्यक्रम तय गरिनुपर्ने,

१४) बालअधिकार संरक्षण प्रवर्द्धनमा अभिभावकलाई थप जिम्मेवार बनाउन **अभिभावक शिक्षा कार्यकम सञ्चालन गरी बालबालिकाका विशेष समस्याको सम्बोधन** गर्न पहल गर्ने,

१५) **ईन्टरनेट/अनलाइनका माध्यमबाट बालबालिकामा भईरहेको र हुनसक्ने सम्भावित दुर्व्यवहार, शोषण, हिंसा, बेचबिखन, ओसारपसार, मिथ्या समाचारले** पार्ने मानसिक असरलगायतका घटनाहरूलाई रोकथाम गर्नका लागि अनलाईन बाल सुरक्षा कार्यविधि तत्काल ल्याई कार्यान्वयन गर्नु पर्ने,

१६) सबै प्रकारका भौतिक संरचना निर्माण गर्दा बालमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र विपद जोखिमबाट सुरक्षित बनाउने कुराको नीतिगत र सम्झौतामा उल्लेख गरी कार्यान्वयनको सुनिश्चितता को निम्ति सम्बन्धित निकायसँग समन्वय गरिनु पर्ने,

१७) श्रव्यदृश्य सामग्रीहरू **प्रकाशन र प्रसारण गर्दा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र मानवीय संवेदना अनुकुलको भाषाशैली तथा अभिनय** हुनुपर्ने, साथै बालबालिकालाई **बालकलाकारको रूपमा कुनै पनि संस्कृति, संस्कार, धर्म सिकाउने** नाममा अभिनय गर्दा यथार्थ पात्रका हिसाबले प्रस्तुत गराउँदा उनीहरूको अधिकार हनन् नहुने र कुनै प्रकारको दुर्व्यवहार, शोषण मानसिक समस्या सिर्जना हुन सक्ने लगायतका घटनाहरूबाट सुरक्षित हुने सुनिश्चितता हुनु पर्ने,

१८) नेपाल सरकारले बालबालिकालाई नियमित **खुवाउने भिटामिन तथा खोप**का कार्यक्रमलाई प्रभावकारी बनाउन र **प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल**हरूमा औषधि तथा स्वास्थ्य सेवाहरू अद्यावधिक बनाउन सम्बन्धित मन्त्रालय र निकायसँग समन्वय गर्नु पर्ने,

१९) क्यान्सर, मुटु लगायत **दिर्घ रोग लागेका विपन्न परिवारका बालबालिका**को उपचार तथा उनीहरूको रेखदेख र संरक्षणका लागि विशेष व्यवस्था गरिनु पर्ने,

२०) जलवायु परिवर्तन, महामारी, चट्याङ्ग, सडक दुर्घटना, आगलागी, बाढी पहिरो जस्ता **विपद्‌बाट बालबालिकालाई सुरक्षित राख्न** विशेष सचेतना अभियान चलाउनु पर्ने र **विपद्‌मा बालसंरक्षण**लाई प्रभावकारी बनाउन तीनै तहका सरकारका सबै कार्यक्रमहरूमा बालसंरक्षणका कार्यहरूलाई मूलप्रवाहीकरण गर्नु पर्ने,

२१) बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका दफा ७ को उप दफा (९) अनुसार **चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन** भन्ने व्यवस्थालाई चौध वर्षको ठाउँमा १८ वर्ष बनाउनु पर्ने र दफा ६१ मा बालकल्याण अधिकारीको सट्टा बाल अधिकार अधिकारी बनाउनु पर्ने लगायतका विषयहरू संशोधन तथा बालश्रमिक राख्नेहरूप्रति अध्ययन अनुसन्धान गरी कारबाही र क्षतिपूर्तिको सुनिश्चितता गरिनुपर्ने,

२२) सर्वोच्च अदालतको फैसला बमोजिम गठन भएको **बाल अदालतलाई स्रोत साधनयुक्त** बनाउन र **बाल न्याय सम्पादन प्रभावकारी रूपमा गर्न**का लागि बालबालिका सम्बन्धी ऐन, २०७५ परिच्छेद ४ मा भएका व्यवस्थाहरू जस्तैः बालमैत्री बाल निगरानी कक्षको व्यवस्था, अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था, बन्द ईजलास, दिशान्तरको व्यवस्थाको प्रभावकारी कार्यान्वय र दफा **३९ अनुसार पुनःस्थापकीय न्यायसम्बन्धी व्यवस्था** लागू गर्नु पर्ने,

२३) व्यावसायिक रूपमा खुलेका निजी छात्रवास (होस्टल)हरूमा हुने शारीरिक र मानसिक यातना, लागु पदार्थ दुर्व्यसनी, यौन दुर्व्यवहार र शोषण तथा संस्थागत विद्यालयहरूमा महङ्गो शुल्क तिरेर जबर्जस्ती परिवारबाट छुटाएर होस्टेलमा राख्नु पर्ने, विहानदेखि रातीसम्म पढाईका नाममा गरिने बलजफ्ती, शारीरिक र मानसिक यातना, यौन दुर्व्यवहार र शोषण लगायतका विषयलाई कानुनी रूपमा सम्बोधन गर्नु पर्ने,

२४) नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरिका दलित परिवारका र मानव गरिबी सूचाङ्कमा पछाडि परेका २५ वटा जिल्लाहरू मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, दैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा र बैतडी जिल्लाका गरी जम्मा २५ जिल्लाहरूका र दलित समुदायका देशभरका ५ वर्ष उमेर पूरा नगरेका एक आमाबाट जन्मिएका बढिमा दुई बालबालिकालाई हाल प्रदान गरिँदै आएको रु.५३२।- प्रति महिना वितरण हुँदै आएको बालपोषण भत्ता ७७ वटै जिल्लामा विस्तार गरी हाल प्रदान गरिरहेको रकमलाई वृद्धि गरी कम्तिमा १०००।- (एक हजार) पुऱ्याउने गरी अन्य विषयगत मन्त्रालयसँग समन्वय गर्नुपर्ने,

२५) नेपाल सरकारले कक्षा ५ सम्म प्रति विद्यार्थी रु.२०।- रुपैयाँका दरले ६ वटा प्रदेशमा र कर्णालीमा रु. २५।- (रुपैयाँ)का दरले प्रदान गर्दै आईरहेकोमा उक्त रकमले पोषणयुक्त खाना खुवाउन गाऱ्हो भएको परिवेशमा रकम वृद्धि सहित माध्यमिक तहसम्मको लागि व्यवस्थापन गरिनुपर्ने । हाल प्रदान गरिएको विद्यालय खाजा कार्यक्रम सबै विद्यार्थीका लागि गर्न नसक्दा बालबालिका बिचमा नै विभेदकारी अवस्था सिर्जना हुने भएका कारण यसमा वृद्धि हुनु जरुरी भएको हुँदा विषयगत मन्त्रालयसँग समन्वय गर्नुपर्ने,

२६) अत्यधिक गर्मी, चिसो, हुस्सु, कुहिरो, प्रदुषण, डुबान, बाढीपहिरो,सडक दुर्घटना र बिभिन्न प्रकृतिक प्रकोप जस्ता कारणले **सबभन्दा बढि पीडित र प्रभावित सुत्केरी तथा गर्भवती महिला, बालबालिका, अपाङ्गता**,ज्येष्ठ नागरिकहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक हुने भएको हुनाले उनीहरूको समस्यालाई तत्काल सम्बोधन का लागी पूर्व तयारी योजना बनाई समन्वय गर्नु पर्ने ।

२७) २५ मार्च २०२४ मा संयुक्त राष्ट्र सङ्घीय महासभाबाट गरेको निर्णय अनुसार अन्तर्राष्ट्रिय खेल दिवस जुन ११ लाई खेल दिवसको रूपमा हाम्रो देशमा पनि मनाउन तथा बालबालिकाका संस्था, क्लबहरू विना नागरिकता जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्दछ भन्ने माग राख्दै बालबालिकाले जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका थिए र सो निवेदन माथि सर्वोच्च अदालतले २०५८ साउन २५ गते बाल संस्था दर्ताको पक्षमा निर्णय भएको दिनको स्मरण गर्दै उक्त दिनलाई बाल सहभागिता दिवसको रूपमा मनाउने सुनिश्चितता गर्नु पर्ने ।

२८) अहिलेको समयमा विभिन्न सञ्चार माध्यमहरूमा चिनिया र भारतीय नागरिकहरूले नेपाली बालिकाहरूसँग २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने गरेको समाचारहरू आइरहेको अवस्थामा यस्तो गैरकानूनी गम्भीर अपराधबाट बालिकाहरूलाई जोगाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले काम गर्नुपर्ने,

२९) हाम्रो देशमा विभिन्न समयमा भएका द्वन्द ,हिंसा ,आन्दोलन ,प्रदर्शन र निर्वाचनको क्रममा बालबालिकाहरूलाई विभिन्न राजनीतिक पार्टी र व्यक्ति तथा समूहहरूले सहभागी गराउने सहभागी हुन प्रोत्साहित गर्ने उस्काउने परिस्थितिले गर्दा उनीहरु त्यस्ता घटनाहरुमा उनीहरू घाइते र मृत्यु अङ्गभङ्ग समेत

भएको दुखद घटनाहरूलाई अन्त्य गर्न विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई सबै पक्षले स्वीकार गर्ने वातावरण निर्माण गर्न सबै पक्षसँगको सहयोग समन्वय र सहकार्यमा बहस पैरवी गरिनुपर्ने,

३०) बाल क्लबका पूर्वसदस्य तथा बालअधिकारका क्षेत्रमा कार्यरत अभियन्ताहरूलाई बाल अधिकारको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा परिचालन गरिनु पर्ने साथै बाल मानव अधिकार रक्षकको अवधारणा समुदायमा पुऱ्याउन पहल तथा समन्वय गर्नु पर्ने,

३१) अपाङ्गता स्किनिंग एप्लिकेशन (Disability information management System - DMIS) सामाजिक एकीकृत सूचना व्यवस्थापन प्रणाली (Social Information management System-SIMS) मा एकीकृत गरी ७५३ वटै स्थानीय तहहरूमा सञ्चालन गर्नुपर्ने,

३२) विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ लाई समयसापेक्ष रूपमा परिवर्तन गर्न आवश्यक रहेकोले सोही अनुरूप प्रक्रिया अघि बढाउन शिक्षा मन्त्रालयसँग समन्वय अघि बढाउनुपर्ने,

३३. बालबालिका सम्बन्धी ऐन २०७५ र बालबालिका सम्बन्धी नियमावली २०७८ लाई सरकारवालासँगको समन्वयमा छलफल गरी समय सापक्ष सुधार गरिनुपर्ने ,

३४. प्रत्येक वर्ष सातै प्रदेश ७७ जिल्लाको समावेशी प्रतिनिधित्व हुने गरी नागरिक संघ संस्थाको समेत सहकार्यमा राष्ट्रिय बालभेला गरिनुपर्ने, बालबालिकाको समस्या सुन्ने व्यवस्था गरिनुपर्ने ।

धन्यवाद !

.................................
तिलोत्तम पौडेल
अध्यक्ष

.................................
राजु घिमिरे
महासचिव